नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५   अंक २५४   २०८३ साल जेठ ४ गते सोमबार (18 May 2026 Monday)   मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सार्वजनिक स्रोत-साधनको ... ३ पृष्ठमा : जेठ ३ गतेदेखि अधिकमास ... ३ पृष्ठमा : जलवायु परिवर्तनका कारण ...

## छात्राहरुलाई साइकलसहित शैक्षिक सामग्री वितरण




**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ।**

सप्तरीको महादेवा गाउँपालिकाका अध्ययनरत छात्राहरुलाई साइकलसहित शैक्षिक सामग्री वितरण गरिएको छ।

कक्षा ७ देखि १२ सम्म अध्ययन गर्ने गरिव, दलित तथा विपन्न परिवारका ७९ जना छात्राहरुलाई आईतबार शैक्षिक सामग्री सहित साइकल वितरण गरिएको हो।

हाम्रो समाज नेपाल केन्द्रिय कार्यालय महादेवा गाउँपालिका वडा नं. ५ भगवतपुरले नेपाल भिलेज फाउण्डेशन युकेको सहयोगमा 'बालिका शिक्षा परियोजना' अन्तर्गत कक्षा ७ देखि १० सम्ममा नयाँ भर्ना भएका २१ जना छात्रालाई साइकल सहित शैक्षिक सामग्री र ५८ जना छात्रालाई शैक्षिक सामग्री उपलब्ध गराईएको नेपाल भिलेज फाउण्डेशनका निर्देशक

*बाँकी अन्तिम पृष्ठमा*

## चालिस लाख मूल्य बराबरको समानसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ३ जेठ।**

सिरहामा सशस्त्र प्रहरी बल नेपालले जिल्लाको सीमावर्ती क्षेत्रमा ठूलो परिमाणमा अवैध सामानसहित एक मालवाहक गाडी र दुई जनालाई नियन्त्रणमा लिएको छ।

जिल्लाको नवराजपुर गाउँपालिका वडा नं. ५ देवनगरस्थित सीमा क्षेत्रमा विशेष गस्तीका क्रममा नेपालबाट भारततर्फ अवैध रूपमा लैजान लागिएको सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं ७ गण सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजङ्ग थापाका अनुसार विशेष सुराकीका आधारमा गण मुख्यालयबाट खटिएको ३५ सदस्यीय टोलीले शनिवार राति करिब ९:०० बजे स१ख ५३५ नम्बरको टाटा टुटोन गाडीलाई शङ्कास्पद अवस्थामा रोकी जाँच गरेको थियो।

जाँचका क्रममा गाडीमा

*बाँकी अन्तिम पृष्ठमा*

## नेपाल-भारत मैत्री संघद्वारा अग्नीपीडितलाई सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ६ बभनगामाकट्टी टोलका अग्नीपीडितलाई नेपाल-भारत मैत्री संघले राहत वितरण गरेको छ।

संघको केन्द्रिय कार्यालयको सहयोग र जिल्ला शाखा सप्तरीको समन्वयमा आईतवार १२ जना अग्निपीडित परिवारलाई राहत वितरण गरेको हो।

नेपाल-भारत मैत्री संघ शाखा सप्तरीका अध्यक्ष मनोज कुमार मुन्धडाको अध्यक्षतामा आयोजित राहत वितरण कार्यक्रममा अग्निपीडित १२ जना परिवारलाई भाँडा कुँडा,

*बाँकी अन्तिम पृष्ठमा*

## पाँच दशक पार गरेका जनचेतना माध्यमिक विद्यालयले स्वर्ण महोत्सव मनाउँदै




**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ।**

सप्तरीको अग्नीसाइर कृष्णासवरण गाउँपालिका वडा नं. १ स्थित जनचेतना माध्यमिक विद्यालयले आफ्नो स्थापनाको ५ दशक पार गरेको अवसरमा सोमवार जेठ ४ गते देखि विविध कार्यक्रमको आयोजना गरी स्वर्ण महोत्सव मनाउने भएको छ।

जिल्लाको पुरानो मध्येका एक उक्त विद्यालय परिसरमा आइतबार पत्रकार सम्मेलनको आयोजना गरी स्वर्ण महोत्सव मूल समारोह समितिले यस्तो जानकारी गराएको हो। स्वर्ण महोत्सव जेठ ४ गते देखि जेठ ९ गतेसम्म विविध कार्यक्रमको आयोजना गरी मनाईदै छ।

महोत्सव आयोजक मूल समारोह समितिका अध्यक्ष दिलिप कुमार चौधरीका अनुसार महोत्सवको पहिलो दिन विद्यालय परिसरमा उद्घाटन समारोह तथा विज्ञानकला प्रदर्शनी गरिनेछ।

दोश्रो दिन मंगलवार जेठ ५ गते पालिका भित्रका ८ विद्यालय बीच छात्र र छात्राहरुको भलिबल खेल प्रतियोगिता, र वकतृत्व कला प्रतियोगिताको आयोजना गरिनेछ। जेठ ६ गते बुधवार हाजिरी जवाफ प्रतियोगिता तथा भलिबल खेलको फाईनल प्रतिस्पर्धा हुनेछ।

यस्तै जेठ ७ गते बिहीवार गीत संगित र नृत्य प्रतियोगिता, जेठ ८ गते रक्तदान तथा अन्तिम दिन जेठ ९ गते स्वर्ण महोत्सव स्मरिका प्रकाशन, ५ हजार भन्दा बढी सहयोग गर्ने दाताहरुको नाम लेखिएको शिलालेख अनावरण तथा समापन कार्यक्रमको

*बाँकी अन्तिम पृष्ठमा*

**सगरमाथाको संरक्षण गरौं, प्राकृतिक सम्पदा जोगाऔं।**

- नेपालमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाको गौरवमा गर्व गरौं,
- हिमाली क्षेत्रको बातावरणीय सन्तुलन कायम राखौं,
- फोहोर व्यवस्थापनमा सचेत भई सफा हिमाल अभियानमा सहभागी बनौं,
- जलवायु परिवर्तनका असर न्यूनीकरणमा योगदान गरौं,
- पर्वतारोहणलाई सुरक्षित, मर्यादित र दिगो बनाऔं,
- जैविक विविधता र हिमाली पारिस्थितिक प्रणालीको संरक्षण गरौं,
- सगरमाथा क्षेत्रलाई विश्वकै नमूना पर्यटकीय गन्तव्य बनाऔं।

हिमाल हाम्रो पहिचान र गौरवको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### कारागारको अतिक्रमित जग्गा खाली गराउनेतर्फ अग्रसरता देखाउनु आवश्यक

अतिक्रमित सबै सार्वजनिक जग्गा अहिले सरकारले खाली गराउन परिपत्र नै जारि गरेको छ । सोही परिपत्र अनुसार राजविराजस्थित कारागारको अतिक्रमित जग्गा पनि पर्दछ । विगत लामो समयदेखी कारागारको आफ्नै जग्गा स्थानीयहरुले अतिक्रमण गरे घर, टहरा बनाएका छन् । जसले गर्दा कारागारलाई भौतिक तथा सुरक्षाको अभाव देखिएको छ । कारागारको झण्डै तीन विगहा जग्गा मध्ये आधा जति जग्गा अतिक्रमण भएको हो ।

यसका लागि स्थानीय प्रशासनले अतिक्रमित जग्गा खाली गराउन पटक पटक सूचना समेत जारि गरिसकेको छ । तर, सूचना जारि भएपनि जग्गा खाली भने हुन सकेको छैन् । यता लामो समयदेखी जिर्ण भवनको समस्याले कारागार आफै समस्यामा छ । कारागार जिर्ण हुनुका साथै साँगुरो ठाउका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन् । अतिक्रमित जग्गासँगै कैदीबन्दीहरुले भोगीरहेका समस्याहरुप्रति स्थानीय प्रशासनले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ ।

तसर्थ यसका लागि स्थानीय प्रशासनले सरकारी परिपत्रको पालना गरि स्थानीय सरकारको समन्वयमा ती जग्गा खाली गराउनेतर्फ अग्रसरता देखाउनु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सार्वजनिक स्रोत-साधनको मितव्ययी उपयोगमा महालेखाको जोड

काठमाडौं, ३ वैशाख (रासस) ।

महालेखा परीक्षकको कार्यालयले सार्वजिनक निकायको जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्दै सार्वजनिक स्रोत-साधनको मितव्ययी तथा दिगो उपयोग सुनिश्चित गर्न क्षेत्रगत सुझाव दिएको छ ।

महालेखा परीक्षकको ६३औं वार्षिक प्रतिवेदनमा शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त र विकास व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन क्षेत्रमा सुधार गर्न सरकारलाई सुझाव दिइएको छ ।

महालेखाले सार्वजनिक प्रशासनमा सूचना प्रविधिलाई कार्यसम्पादनसँग आबद्ध गरी 'फेसलेस ब्यूरोक्रेसी', विद्युतीय शासन र एकल सेवा केन्द्रको अवधारणालाई कार्यान्वयनमा ल्याउन सुझाएको छ ।

विशिष्टीकृत कार्यका लागि कार्यसमयमा लचकता र उपयुक्त प्रोत्साहनसहित एकभन्दा बढी कार्यालयको जिम्मेवारी दिन सकिने व्यवसथा मिलाउन सुझाव दिंदै महालेखाले सेवाग्राहीप्रति शिष्ट, मर्यादित र जवाफदेही सेवा संस्कृति स्थापित गर्न स्पष्ट आचारसंहिताको कार्यविधि तुर्जमा गरी लागू गर्न सिफरिस गरेको छ ।

सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सचेतना अभिवृद्धि गर्ने र नियमित पृष्ठपोषण प्राप्त गर्ने संयन्त्र विकास गर्न र सेवाग्राहीको समय र लागतलाई ध्यानमा राखी सेवा डिजाइन गर्नुपर्ने तथा प्रमाणयोग्य कागजातको प्रारम्भिक प्रशोधन निःशुल्क गर्न महालेखाले सुझाव दिएको छ ।

सार्वजनिक निकायको स्वामित्वमा रहेका सबै प्रकारका सम्पत्तिको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख गर्ने र नेपाल सार्वजनिक क्षेत्र लेखामानवमोजिम तयार गरिने वित्तीय विवरणमा खुलासा गर्ने व्यवस्था गर्न प्रतिवेदनमा सुझाव दिइएको छ ।

सार्वजनिक निकयको मौज्दातमा भएका जिन्सी सामग्री, यन्त्र-उपकरण र औजार किफायती मर्मत गरेर उपयोग हुन नसक्ने यकिन गरेपश्चात मात्र नयाँ खरिद गर्ने व्यवस्था गर्न तथा सम्पन्न वा विघटित आयोजनाको यन्त्र-उपकरण र सम्पत्तिको अभिलेख गरी त्यस्ता मालसामान आवश्यक पर्ने निकायमा हस्तान्तरण गर्न महालेखाले सुझाएको छ ।

ल्यापटप, ट्याबलेटजस्ता उपकरणको प्रयोगकर्ता परिवर्तनपश्चात पुनः उपयोगमा नल्याइ नयाँ खरिद गर्ने प्रवृत्ति रोक्न सम्पत्तिको उपयोगी आयु तोकी सो अवधिभित्रै एकै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्न सुझाव दिइएको छ ।

राष्ट्रिय महत्त्वका अभिलेख, नक्सा, सन्धि-सम्झौता र ऐतिहासिक दस्तावेजको अभिलेखीकरण र सुरक्षा गर्न 'डिजिटाइजेसन' लगायतका उपयुक्त विधि अपनाउन, सार्वजनिक र गुठी जग्गा अतिक्रमणमुक्त बनाइ उचित संरक्षण र उपयोग गर्न, मुआब्जा वितरण भइसकेका जग्गा अनिवायरूपमा सरकारी स्वामित्वमा ल्याई अभिलेख संरक्षण र उपयोगको व्यवस्था मिलाउन महालेखाले सरकारलाई सुझाव दिएको छ ।

यस्तै भन्सारमा जफत वा सार्वजनिक निकायमा प्रयोगविहीन अवस्थामा रहेका सवारी साधन समयमै मर्मत गरी उपयोग गर्ने वा लिलाम/हस्तान्तरण गर्ने व्यवस्था गर्न, सामुदायिक वनका उपभोक्ता समूहले सङ्कलन गरेको काठ, दाउराको उपयोग र बिक्रीसम्बन्धी स्पष्ट व्यवस्था गरी समूहका सदस्यले उपयोग र बिक्री गर्ने परिमाण र सीमा तोक्न भनिएको छ ।

महालेखाले कुनै सार्वजनिक निकाय/कार्यालय एकअर्कामा गाभिएमा वा टुक्रिएमा वा खारेज भएमा साविकको निकाय/कार्यालयमा रहेका जिन्सी, स्रेस्तालगायतका कागजात जिम्म रहने निकाय/कार्यालयको निर्क्यौल त्यस्तो निर्णय गर्दाको बखत नै हुनुपर्ने ठहर गरेको छ । सो नगर्ने निकाय/कार्यालयको प्रमुख वा जिम्मेवार अधिकृतलाई कानुनीरूपमा नै जवाफदेही बनाउन महालेखाले सुझाव दिएको छ ।

# 'यातायात क्षेत्र सुधार्न यात्रुलाई मीठो बोली र सफा खाना खुवाउनुपर्छ'

काठमाडौं, ३ जेठ (रासस) ।

यातायात व्यवसायीहरूले नेपालको सार्वजनिक यातायात क्षेत्रलाई सुधार्नका लागि यात्रुलाई मीठो बोली र सफा खाना खुवाउनुपर्ने बताएका छन् ।

नेपाल माइक्रो तथा बस कम्पनी प्रालिले बैशाख २७ देखि ३० गतेसम्म पोखरामा सम्पन्न सातौं महाधिवेशनमा निर्वाचित कार्यसमितिको सम्मानमा शनिबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा व्यवसायीहरूले बानी र व्यवहारले नेपालको सार्वजनिक क्षेत्र सुधार हुने बताउनुभएका हुन् ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका निवर्तमान अध्यक्ष विजयबहादुर स्वाँरले आफ्नो चारवर्षे कार्यकालमा नेपालको सार्वजनिक क्षेत्रमा धेरै सुधारका कामहरू भएको बताउनुभयो । "गोदावरी महाधिवेशनबाट सर्वसम्मत रूपमा अध्यक्ष चुनिएपछि मैले महासङ्घलाई उचाइमा पुऱ्याउन सबैको साथ माया पाएँ," उहाँले भन्नुभयो ।

उहाँले अबको यातायात क्षेत्र 'मीठो बोली' र 'मीठो खाना'मा केन्द्रित हुनुपर्ने बताउनुभयो । "हामीले करोडौंको लगानी गरेका छौं, एउटा गाडी किन्दा डेढ करोडसम्म पर्छ, तर, अझै पनि हामीलाई 'गाडीवाला'का रूपमा मात्र हेरिन्छ, अब हामी साँचो अर्थमा व्यवसायी बन्नुपर्छ," उहाँले भन्नुभयो ।

महासङ्घका नवनिर्वाचित अध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाले आफ्नो नेतृत्वले देशको समग्र यातायात क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन कुनै कसुर बाँकी नराख्ने बताउनुभयो । उहाँले दुर्घटना न्यूनीकरण, प्रविधिमैत्री यातायातका लागि सरकारसँग समन्वय गरेर काम गरिने उल्लेख गर्नुभयो । अध्यक्ष सिटौलाले नेपालको यातायात क्षेत्र अब आधुनिक युगमा प्रवेश गरिसकेको बताउनुभयो ।

अध्यक्ष सिटौलाले १३ खर्ब लगानी र पाँच लाखभन्दा बढीलाई रोजगारी प्रदान गरेको सार्वजनिक यातायातलाई अगाडि बढाउन आफू दृढताका साथ लाग्ने उल्लेख गर्नुभयो ।

महासङ्घका वरिष्ठ उपाध्यक्ष केदारप्रसाद पौडेल, महासचिव डेकनाथ गौतम, कोषाध्यक्ष राजेन्द्र आचार्यलगायतले नेपालको सार्वजनिक यातायात क्षेत्रलाई मर्यादित, आधुनिक र प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिनुभएको थियो । उहाँहरूले यातायात क्षेत्रमा रहेका पुराना प्रवृत्तिलाई त्यागेर २१औं शताब्दी सुहाउँदो सेवा प्रवाह गर्नुपर्ने बताउनुभएको थियो ।

नेपाल माइक्रो तथा बस कम्पनी प्रालिका सञ्चालक नवराज आचार्यले धराशयी बन्दै गएको नेपालको सार्वजनिक यातायालाई अगाडि बढाउन नवनिर्वाचित कार्यसमितिले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । सोही अवसरमा महासङ्घका निवर्तमान अध्यक्ष स्वाँर र नवनिर्वाचित अध्यक्ष सिटौलालाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

# जनकपुर उच्च अदालतबाट तीन हजार मुद्दा फछ्र्यौट

धनुषा, ३ जेठ (रासस) ।

जनकपुर उच्च अदालतले चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्म तीन हजार ११५ मुद्दा फछ्र्यौट गरेको छ । पुरानो र नयाँ गरी कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको थियो ।

उच्च अदालतका शाखा अधिकृत गणेश पाण्डेका अनुसार फछ्र्यौट भएका मुद्दामध्ये अघिल्लो वर्षबाट सरी आएका दुई हजार २६७ र नयाँ दर्ता भएका तीन हजार ३८४ सहित कुल पाँच हजार ६५१ मुद्दा अदालतमा रहेको छ । उहाँका अनुसार दुई हजार ५३६ मुद्दा फछ्र्यौट हुन बाँकी छ ।

अदालत सम्बन्धमा जानकारी दिँदै सो अदालतका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवरले न्यायीक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने उद्देश्यसहित अदालतको कार्यप्रगति, मुद्दा फछ्र्यौटको अवस्थाबारे जानकारी दिनुभयो । विवरणअनुसार जिम्मेवारी सरी आएका मुद्दामध्ये एक हजार ७२४ मुद्दा फछ्र्यौट गरी ५४३ मुद्दा बाँकी रहेका छन् ।

यसैगरी, चालु वर्षमा नयाँ दर्ता भएका मुद्दामध्ये एक हजार ३९१ मुद्दा फछ्र्यौट हुँदा एक हजार ९९३ मुद्दा अझै बाँकी छन् । अदालतको कुल मुद्दा फछ्र्यौट प्रतिशत ५५ दशमलव १२ रहेको जानकारी दिइएको छ ।

अदालतले लामो समयदेखि विचाराधीन रहेका मुद्दालाई प्राथमिकताका साथ टुङ्ग्याउने अभियान पनि सञ्चालन गरिरहेको जनाएको छ । सार्वजनिक विवरणअनुसार एक वर्षदेखि १८ महिनाभित्रका ३७४ मुद्दा, १८ महिनादेखि दुई वर्षभित्रका ७० मुद्दा तथा दुई वर्ष नाघेका चार मुद्दा अझै विचाराधीन रहेका छन् ।

त्यसैगरी, २०८१ साल पुस मसान्तसम्म दर्ता भई बाँकी रहेका मुद्दाको सङ्ख्या १२४ रहेको अदालतले जनाएको छ ।

काम मुख्य न्यायाधीश कुँवरले न्यायपालिकाप्रति नागरिकको विश्वास कायम राख्न छिटो, निष्पक्ष र प्रभावकारी न्याय सम्पादन आवश्यक रहेको बताउनुभयो । उहाँका अनुसार अदालतले पुराना मुद्दा फछ्र्यौटलाई प्राथमिकतामा राखेर कार्य गरिरहेको उल्लेख गर्दै न्यायमा नागरिकको पहुँच विस्तार गर्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहने विचार व्यक्त गर्नुभयो ।

अदालतले चालु आर्थिक वर्षका लागि चार हजार ५४६ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य निर्धारण गरेको जनाएको छ ।

# जेठ ३ गतेदेखि अधिकमास अर्थात् मलमास सुरु

**पूर्णप्रसाद मिश्र**

काठमाडौँ, ३ जेठ (रासस)।

प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास शनिबारदेखि सुरु भएको छ।

आगामी असार १ गतेसम्म मलमास अथवा अधिकमास रहने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ। ज्योतिषीय गणनाअनुसार ३६५ दिनको वर्ष हुन्छ। वर्षमा सौर र चान्द्रमास हुन्छन्। दुवैलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ। एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिने भनेर विभिन्न शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको ज्योतिष एवं वास्तुविद् शिवप्रसाद पोखरेलले बताउनुभयो।

चान्द्र महिनामा दुई वटा सङ्क्रान्ति पर्‍यो भने क्षयमास भनिन्छ। ज्योतिषका विद्वान् भास्कराचार्यले आफ्नो ग्रन्थ सिद्धान्त शिरोमणिमा मलमास र क्षयमासको स्पष्ट परिभाषा दिनुभएको छ। जसमा भनिएको छ–

असङ्क्रान्तिमासोऽधिमासः स्फुटः स्याद्।

द्विसङ्क्रान्तिमासः क्षयाख्यः कदाचित्॥

अर्थात् सङ्क्रान्ति नभएको महिना अधिकमास वा मलमास हो। दुईवटा सङ्क्रान्ति भएको महिना क्षयमास हो। क्षयमास भने कहिले, कहिलेमात्र हुने गरेको छ। यसअघि क्षयमास २०२० सालमा परेको वास्तुशास्त्री पोखरेलले बताउनुभयो।

क्षयमास कार्तिक, मङ्सिर र पुसमा पर्ने गरेको छ। यसमा पनि बढीजसो मङ्सिर र पुसमा क्षयमास पर्छ। कार्तिक महिनामा भने क्षय र अधिकमास दुवै पर्न सक्छ। माघ महिनामा भने क्षय र अधिकमास दुवै पर्दैन। बाँकी आठ महिनामा अधिकमास पर्न सक्छ।

क्षयमास हुने वर्ष दुई अधिकमास नियमित समेत पर्छन्। यी अधिकमास क्षयभन्दा तीन महिना अगाडि वा पछाडि हुन्छन्। क्षयभन्दा पहिले हुने अधिकमासलाई 'संसर्प' र पछि हुने अधिकमासलाई 'अंहस्पति' भनिन्छ।

सबै मासको देवता हुन्छन्। मलमास महिनाको देवता नभएपछि मलमास रुँदै भगवान् श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेला गरेको गुनासो गरे। गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मेरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिनुभएको पुरुषोत्तममास माहात्म्य नामक धर्मग्रन्थमा उल्लेख गरिएको छ।

**अधिकमास (मलमास) मा के गर्ने ? के नगर्ने ?**

मलमास अर्थात् अधिकमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ। नित्य बसिरहेको व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं समितिका सदस्य प्रा डा देवमणि भट्टराईले बताउनुभयो। पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको सुरुआत गर्नु नहुने नियम रहेको पनि उहाँले बताउनुभयो।

मलमासको समयमा महादान, माङ्गलिक कार्य अर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेश जस्ता कर्म गर्नु हुँदैन। यसैगरी, गर्भाधान गर्नु हुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन। नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नु हुँदैन भन्ने मान्यतामै आधारित रहेको धर्मशास्त्रविद्को भनाइ छ। बृहस्पति र शुक्र अस्त भएका बेला गर्न नहुने जति कर्म मलमासमा पनि गर्नुहुँदैन।

**आइतबारदेखि मच्छेनारायण (मत्स्यनारायण) मेला सुरु हुँदै**

रत्नपार्कबाट करिब आठ किमी दक्षिणपश्चिम भेगमा पर्ने मत्स्यनारायण मन्दिरमा मलमासका समयमा मेला लाग्ने गर्छ। यहाँ मत्स्यनारायणको प्रस्तर मूर्ति छ।

मलमासको अवधिभर मच्छेनारायणमा टाढा टाढाबाट लाखौँ भक्तजन दर्शनका लागि आउने गरेका छन्। मलमास अवधिभर कीर्तिपुरबाट चार किमी दक्षिणमा पर्ने मच्छेनारायण मन्दिरमा नारायणको पूजा र पुरुषोत्तममास माहात्म्य वाचन हुने चन्द्रागिरि नगरपालिकाका नगर प्रमुख घनश्याम गिरीले जानकारी दिनुभयो।

यो महिनामा भगवान् नारायणको पूजाआराधना गर्नाले सम्पूर्ण पाप नष्ट भई पुण्य प्राप्त गरिने विभिन्न धर्मग्रन्थमा उल्लेख गरिएको छ। सुनको जलप लगाएको गरुडको कलात्मक प्रवेशद्वार मच्छेनारायण मन्दिरमा छ। माछाको मुखबाट प्रकट भएको एक फिट अग्लो चार हातमा शङ्ख, चक्र, गधा र पद्म लिएको मूर्ति देख्न सकिन्छ।

भगवान् विष्णुले दश अवतार लिँदा सबभन्दा पहिले मत्स्य शरीर धारण गर्नुभयो। मत्स्यरूपी भगवान्ले प्रलयकालमा समुद्रमा डुङ्गाको काम गरी वेदलाई सुरक्षा गर्नुभएको पुराणमा उल्लेख छ। यसअघि २०८० साल साउन महिनामा अधिकमास परेको थियो। अधिकमास परेको महिनामा वैदिक सनातन धर्मावलम्बीले घरघरमा पुरुषोत्तममास माहात्म्य पाठ गर्ने र कथा सुन्ने गर्छन्।

# 'डिजिटल' पहुँच विस्तारमा जोड

काठमाडौँ, ३ जेठ (रासस)।

आइतबार विश्वका विभिन्न देशमा 'विश्व दूरसञ्चार तथा सूचना समाज दिवस' विविध कार्यक्रम आयोजना गरी मनाइएको छ।

'इन्टरनेट' तथा सूचना-सञ्चार प्रविधि (आइसिटी) को प्रयोगमार्फत समाज र अर्थतन्त्रमा ल्याउन सकिने सकारात्मक परिवर्तनबारे चेतना अभिवृद्धि गर्ने तथा डिजिटल विभाजन कम गर्ने उद्देश्यले हरेक वर्ष मे १७ मा यो दिवस मनाउने गरिन्छ।

'डिजिटल विभाजन' भन्नाले सूचना तथा सञ्चार प्रविधि (इन्टरनेट, कम्प्युटर, स्मार्टफोन आदि) मा पहुँच भएका र पहुँच नभएका व्यक्ति, समुदाय वा क्षेत्रबीचको असमानतालाई जनाउँछ। विशेषगरी इन्टरनेट सेवा, प्रविधिको प्रयोग गर्ने सीप, डिजिटल शिक्षा तथा सूचना प्राप्त गर्ने अवसरको उपलब्धता र अनुलब्धता हो। शहरबजारका मानिसले सहज रूपमा इन्टरनेट र अनलाइन सेवा प्रयोग गर्न पाउँदा दुर्गम गाउँका मानिस त्यस्तो सुविधाबाट वञ्चित हुनु डिजिटल विभाजन हो।

विश्व दूरसञ्चार दिवस सन् १९६९ देखि मनाउन प्रारम्भ भएको हो। अन्तरराष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियु) को स्थापना तथा सन् १८६५ मा पहिलो अन्तरराष्ट्रिय टेलिग्राफ महासन्धिमा हस्ताक्षर भएको दिनको सम्झनामा यो दिवस मनाइन्छ। सन् १९७३ मा स्पेनको मालागा-टोरेमोलिनोसमा सम्पन्न आइटियुको पूर्णाधिकार सम्मेलनले प्रस्ताव नं ४६ मार्फत यस दिवसलाई औपचारिक मान्यता दिएको हो।

त्यसैगरी, सूचना समाजसम्बन्धी विश्व शिखर सम्मेलन (डब्ल्युएसआइएस) ले सन् २००५ मा संयुक्त राष्ट्रसङ्घीय महासभालाई मे १७ लाई 'विश्व सूचना समाज दिवस' घोषणा गर्न आग्रह गरेको थियो। सूचना समाजसँग सम्बन्धित विविध विषय तथा सूचना-प्रविधिको महत्वप्रति ध्यानाकर्षण गराउने उद्देश्यसहित महासभाले सन् २००६ मा प्रस्ताव पारित गर्दै प्रत्येक वर्ष यो दिवस मनाउने निर्णय गरेको हो।

राष्ट्रसङ्घका अनुसार विश्व दूरसञ्चार तथा सूचना समाज दिवसको मुख्य उद्देश्य इन्टरनेट तथा सूचना-सञ्चार प्रविधिको प्रयोगबाट समाज र अर्थतन्त्रमा हासिल गर्न सकिने अवसरबारे चेतना फैलाउनुका साथै सबै नागरिकलाई डिजिटल पहुँचमा जोड्ने वातावरण सृजना गर्नु हो।

# युवा स्वरोजगार कोषको ६७ करोड कर्जा असुल भएन

काठमाडौँ, ३ जेठ (रासस)।

युवा तथा साना व्यवसायी स्वरोजगार कोषबाट लगानी गरिएकामध्ये भाखा नाघिएको ऋणवापतको रु ६७ करोड १९ लाख ६४ हजार असुल गर्नुपर्ने देखिएको छ।

महालेखा परीक्षकको ६३औँ वार्षिक प्रतिवेदन, २०८३ ले युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सहुलियत) नियमावली, २०७७ को नियम १६ मा कर्जा लागानी गर्ने व्यवस्थाअनुसार कोष र ऋणीबीच ऋण सम्झौताको शर्त अनुसार साँवा र ब्याज समयमा नआउँदा हर्जनासमेत गरी सो रकम असुल गर्नुपर्ने देखाएको हो।

कोष र ऋणीबीच पाँचवर्षे लगानी सम्झौता हुँदा ऋण अवधि ४२ महिना रहने र सम्झौताअनुसार समयमा किस्ता नबुझाउँदा रकमको थप दुई प्रतिशत ब्याज लाग्ने व्यवस्था छ। कोषको २०८२ असार मसान्तसम्म रू दुई अर्ब ३३ करोड ९४ लाख ५६ हजार कर्जाको साँवा बक्यौता देखिएको छ। तीमध्ये कोषको अभिलेखअनुसार ४३२ सहकारी संस्थाबाट रु ५७ करोड ९७ लाख १८ हजार साँवा तथा ब्याज रू आठ करोड ४६ लाख ९८ हजार र हर्जाना रू २३ लाख ८२ हजार कर्जा असुल गर्नुपर्ने देखिएको प्रतिवेदनमा उल्लेख छ।

# चौबिस कम्पनीको आइपिओ बिक्रीका लागि अनुमति

काठमाडौँ, ३ जेठ (रासस)।

नेपाल धितोपत्र बोर्डले हालसम्म २४ कम्पनीलाई साधारण शेयर (आइपिओ) बिक्रीका लागि अनुमति प्रदान गरेको छ। बोर्डले चालु आर्थिक वर्षको चैत मसान्तसम्म ती कम्पनीलाई साधारण शेयर बिक्रीका लागि अनुमति प्रदान गरेको हो।

बोर्डका अनुसार कुल नौ करोड ११ लाख ८७ हजार ९४६ कित्ता साधारण शेयर बिक्रीका लागि अनुमति प्राप्त भएको हो। त्यसको मूल्य रु नौ अर्ब ११ करोड ८७ लाख ९४ हजार ६०० बराबर छ। अनुमति प्राप्त गरेका कूल कम्पनीमध्ये १५ वटा जलविद्युत् आयोजनाका मात्रै छन्।

नेपाल स्टक एक्सचेञ्जमा १०३ जलविद्युत् कम्पनी शेयरमा सूचीकृत भई कारोबार भइरहेका छन्। बोर्डबाट अनुमति पाउने र अनुमतिको प्रतिक्षामा रहेका कम्पनीमा पनि जलविद्युत्का बढी छन्। अनुमति पाएका कम्पनीमा सात वटा उत्पादन तथा प्रशोधन क्षेत्रका छन्।

विकास बैंक र होटल एवं पर्यटन क्षेत्रका एक/एक कम्पनी छन्। बोर्डमा कुल ९८ वटा कम्पनीले साधारण शेयर बिक्रीका लागि अनुमति माग्दै आवेदन दिएका छन्। त्यसमा होटल तथा पर्यटन क्षेत्रका १८, जलविद्युत्का ३२, लगानीका पाँच कम्पनी छन्। यस्तै, उत्पादन तथा प्रशोधनका २६, माइक्रो इन्स्योरेन्सका तीन, अन्य समूहका १४ कम्पनी छन्।

## विश्व समाचार

### जलवायु परिवर्तनका कारण विश्वका नदीहरूमा अक्सिजन तीव्र रूपमा घट्दै : अध्ययन

बेइजिङ, ३ जेठ (रासस/सिन्ह्वा)।

नयाँ अध्ययनले जलवायु परिवर्तनका कारण विश्वभरका नदीहरूमा अक्सिजनको मात्रा निरन्तर घटिरहेको देखाएको छ, जसले ताजा पानीका लागि गम्भीर जोखिम सिर्जना गरेको छ। यो अध्ययन 'साइन्स एडभान्सेस' नामक वैज्ञानिक जर्नलमा प्रकाशित भएको हो। अनुसन्धान चिनियाँ विज्ञान प्रतिष्ठान अन्तर्गत नान्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा गरिएको हो। अनुसन्धान टोलीले सन् १९८५ देखि २०२३ सम्मको करिब ४० वर्षको तथ्याङ्क विश्लेषण गरेको थियो। अध्ययनमा विश्वभरका २१ हजारभन्दा बढी नदी खण्डहरूको अक्सिजन स्तर मापन गर्न उन्नत कम्प्युटर आधारित विश्लेषण विधि प्रयोग गरिएको थियो। अध्ययनअनुसार नदीहरूमा अक्सिजनको मात्रा औसतमा प्रति दशक ०.०४५ मिलिग्राम प्रतिलिटरका दरले घटिरहेको छ। अध्ययन गरिएका करिब ८० प्रतिशत नदीहरूमा अक्सिजन कमी देखिएको छ।

विशेषगरी उष्णकटिबन्धीय क्षेत्रका नदीहरू सबैभन्दा बढी प्रभावित भएका छन्। यसअघि उच्च अक्षांशका क्षेत्रहरू बढी प्रभावित हुने अनुमान गरिएको भए पनि अध्ययनले उष्णकटिबन्धीय नदीहरू पहिले नै कम अक्सिजनयुक्त भएकाले अझ छिटो अक्सिजन गुमाइरहेको देखाएको छ। यसले अत्यन्त कम अक्सिजन हुने अवस्था निम्त्याउन सक्छ, जसका कारण माछा तथा अन्य जलचर प्राणीहरूको मृत्यु हुन सक्छ। अनुसन्धानकर्ताहरूका अनुसार पानीमा अक्सिजन घुल्ने क्षमता घट्नु नै मुख्य कारण हो, जसले कुल अक्सिजन ह्रासको करिब ६३ प्रतिशत हिस्सा ओगटेको छ। तातो पानीले चिसो पानीको तुलनामा कम अक्सिजन धारण गर्न सक्छ। त्यस्तै, तापक्रम, प्रकाश र पानीको बहावसँग सम्बन्धित प्रक्रियाहरूमा आएको परिवर्तनले थप १२ प्रतिशत अक्सिजन कमी गराएको अध्ययनले जनाएको छ।

अत्यधिक गर्मीका लहरहरूले पनि नदीहरूको अक्सिजन ह्रासमा ठूलो भूमिका खेलेका छन्। अध्ययनले विश्वव्यापी नदी अक्सिजन कमीको करिब २३ प्रतिशत हिस्सा यस्ता गर्मीका लहरसँग सम्बन्धित रहेको देखाएको छ। अनुसन्धानमा अत्यन्त कम वा अत्यन्त बढी पानीको बहावले केही हदसम्म अक्सिजन कमीको गति घटाउन सक्ने पनि उल्लेख गरिएको छ। सामान्य अवस्थाको तुलनामा कम बहाव हुँदा अक्सिजन ह्रासको दर १९ प्रतिशतले घटेको पाइएको छ भने बढी बहाव हुँदा ७ प्रतिशतले कमी आएको छ। अनुसन्धानकर्ताहरूले घट्दो अक्सिजन स्तरले नदीको जैविक विविधतामा गम्भीर असर पार्ने चेतावनी दिएका छन्। अक्सिजन कम हुँदा माछा तथा अन्य जीवहरू बाँच्न सङ्घर्ष गर्नुपर्ने अवस्था सिर्जना हुन्छ। उनीहरूले विशेषगरी उष्णकटिबन्धीय क्षेत्रका देशहरूमा नीति निर्माताहरूलाई प्रभावकारी रणनीति अपनाउन आग्रह गरेका छन्। नान्जिङ भूगोल तथा लिम्नोलोजी संस्थानका अनुसन्धानकर्ता शी कुनले भन्नुभयो,"यो अध्ययनले विश्वभरका नदीहरूमा भइरहेको अक्सिजन ह्रासलाई बुझ्न र न्यूनीकरण गर्न महत्वपूर्ण आधार प्रदान गरेको छ।"

### चीनले अन्तरिक्ष यात्राका लागि नयाँ अभियान सुरु गर्दै

जिउछ्वान, ३ जेठ (रासस/सिन्ह्वा)।

चीनले आफ्नो नयाँ मानवसहित अन्तरिक्ष अभियानअन्तर्गत अन्तरिक्षयानलाई चाँडै प्रक्षेपण गर्ने तयारी पूरा गरेको जनाएको छ। शुक्रबार सार्वजनिक गरिएको जानकारीअनुसार अन्तरिक्षयान र त्यसलाई अन्तरिक्षमा लैजाने वाहक रकेटलाई उत्तरपश्चिम चीनस्थित जिउछ्वान उपग्रह प्रक्षेपण केन्द्रको प्रक्षेपण क्षेत्रमा सफलतापूर्वक स्थानान्तरण गरिएको छ। चिनियाँ अधिकारीहरूले प्रक्षेपणका लागि आवश्यक प्राविधिक परीक्षण, उपकरण जाँच तथा अन्तिम तयारीहरू भइरहेको बताएका छन्। मौसम अवस्था र प्राविधिक मूल्याङ्कनपछि उपयुक्त समयमा प्रक्षेपण गरिने जनाइएको छ। यो अभियान चीनको अन्तरिक्ष कार्यक्रमको अर्को महत्वपूर्ण चरण मानिएको छ। यसमार्फत अन्तरिक्ष यात्रीहरूलाई चीनको अन्तरिक्ष केन्द्रमा पठाइने अपेक्षा गरिएको छ। चीनले पछिल्ला वर्षहरूमा अन्तरिक्ष प्रविधिमा तीव्र प्रगति गर्दै आफ्नै अन्तरिक्ष केन्द्र सञ्चालन गरिरहेको छ र नियमित रूपमा मानवसहित अन्तरिक्ष अभियान सञ्चालन गर्दै आएको छ। जिउछ्वान प्रक्षेपण केन्द्र चीनको प्रमुख अन्तरिक्ष प्रक्षेपण स्थलमध्ये एक हो, जहाँबाट अधिकांश मानवसहित अन्तरिक्ष अभियान प्रक्षेपण गरिन्छ। अभियान सफल भएमा चीनको अन्तरिक्ष अनुसन्धान तथा दीर्घकालीन अन्तरिक्ष योजनामा थप उपलब्धि हासिल हुने विश्वास गरिएको छ।

### लेबनान-इजरायलबीच युद्धविराम अवधि थप, संयुक्त राष्ट्रसङ्घ महासचिवद्वारा स्वागत

संयुक्त राष्ट्रसङ्घ, ३ जेठ (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले लेबनान र इजरायलबीच जारी युद्धविरामको अवधि ४५ दिनका लागि थप गरिएको निर्णयप्रति स्वागत व्यक्त गर्नुभएको छ। उहाँले यस कदमले सीमावर्ती क्षेत्रमा शान्ति कायम राख्न तथा प्रभावित नागरिकहरूको दुःख कम गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभएको छ। संयुक्त राष्ट्रसंघको प्रेस कार्यालयद्वारा जारी वक्तव्यअनुसार महासचिव गुटेरेसले द्वन्द्व अन्त्यका लागि भइरहेका सम्पूर्ण प्रयासप्रति समर्थन जनाउँदै लेबनान र इजरायलबीचको सीमावर्ती क्षेत्रमा बसोबास गर्ने समुदायको सुरक्षा र मानवीय सहायतामा विशेष ध्यान दिन आग्रह गर्नुभएको छ। उक्त सीमारेखा संयुक्त राष्ट्रसङ्घले सन् २००० मा निर्धारण गरेको हो। उहाँले सम्बन्धित सबै पक्षलाई युद्धविरामको पूर्ण सम्मान गर्न, थप आक्रमण नगर्न तथा अन्तर्राष्ट्रिय कानुन र मानवीय सिद्धान्तहरूको पालना गर्न आग्रह गर्नुभएको छ। साथै, क्षेत्रीय शान्ति, स्थायित्व र आपसी समझदारी कायम राख्न संयमता तथा संवादको आवश्यकता औँल्याउनुभएको छ। संयुक्त राष्ट्रसङ्घले सुरक्षा परिषद्को प्रस्ताव नम्बर १७०१ पूर्ण रूपमा कार्यान्वयन गर्न भइरहेका कूटनीतिक प्रयासलाई निरन्तर समर्थन गर्ने जनाएको छ। उक्त प्रस्ताव सन् २००६ मा लेबनानी समूह हिज्बुल्लाह र इजरायलबीच भएको युद्ध अन्त्य गर्नका लागि ल्याइएको थियो। युद्धविराम अवधि थप गरिनुले सीमावर्ती क्षेत्रमा केही राहत र स्थिरता आउने अपेक्षा गरिएको भए पनि अवस्था अझै संवेदनशील रहेकाले निरन्तर संवाद, सहकार्य र शान्तिपूर्ण पहल आवश्यक रहेको अन्तर्राष्ट्रिय समुदायले जनाएको छ।

# लहानलाई खुला दिशामुक्त बनाउने अभियान सुरु

सिरहा, ३ जेठ (रासस)।

यहाँको लहान नगरपालिकाभित्र रहेका २० हजार ५७७ घरपरिवारमध्ये अझै चार हजार २०१ विपन्न दलित तथा मुसहर परिवारको आफ्नै शौचालय छैन। यिनै परिवारलाई समेटेर लहान नगरपालिकालाई खुला दिशामुक्त र पूर्ण सरसफाइयुक्त बनाउन नगरपालिकाले विशेष रणनीतिसहित अभियान सुरु गरेको छ।

शनिबार यहाँ आयोजित एक कार्यक्रममा नगरप्रमुख महेशप्रसाद चौधरीले नगरपालिकाले गैरसरकारी संस्था दलित जनकल्याण युवा क्लबसँग सहकार्य गर्दै मुसहर बस्तीहरूमा आधुनिक सामुदायिक शौचालय निर्माण कार्यलाई तीव्रता दिएको बताउनुभयो। उहाँले हालसम्म नगरका विभिन्न सुकुमवासी बस्तीमा छ वटा सुविधा सम्पन्न सामुदायिक शौचालयहरू निर्माण भई सञ्चालनमा आइसकेको जानकारी दिँदै अन्य क्षेत्रमा क्रमशः विस्तार गरिँदै लगिने बताउनुभयो।

लहानलाई शत्प्रतिशत शौचालययुक्त नगर बनाउने प्रतिबद्धता व्यक्त गर्दै नगरप्रमुख चौधरीले भन्नुभयो, "जग्गा नभएर शौचालय बनाउन नसकेका विपन्न मुसहर परिवारका लागि हामीले छ वटा आधुनिक सामुदायिक शौचालय बनाइसकेका छौँ र अन्य ठाउँमा बनाउने क्रम जारी छ। लहानलाई खुला दिशामुक्त बनाउने यो अभियानलाई सम्पूर्ण नगरवासीले आफ्नो साझा अभियानको रूपमा आत्मसात गरेर सहयोग गर्न म अपिल गर्दछु।"

अभियानलाई थप प्रभावकारी बनाउन नगरका विभिन्न वडामा ८१ वटा टोलस्तरीय खानेपानी तथा सरसफाइ स्वच्छता समिति गठन गरी तल्लो तहदेखि नै काम सुरु गरिएको त्यस अवसरमा जानकारी दिइयो। यी समितिहरूमा स्थानीय युवा र क्लबहरूलाई सक्रिय बनाउँदै टोलटोलमा घरायसी तथा वातावरणीय सरसफाइ, महिनावारी स्वच्छता व्यवस्थापन र पानीजन्य रोग नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न थालिएको छ।

खानेपानी र सरसफाइको क्षेत्रमा सहकार्य गरिरहेको विकन परियोजनाका प्रबन्धक राजेश लोहनीले अभियानबारे जानकारी दिँदै भन्नुभयो, "हामीले टोलस्तरमै समितिहरू गठन गरेर युवाहरूलाई जिम्मेवारी सुम्पिएका छौँ। टोलटोलमा सुरु भएको यो अभियानले घरायसी सरसफाइ र स्वच्छताका सवालमा नागरिकको बानीव्यवहारमा ठूलो परिवर्तन ल्याउने विश्वास लिएका छौँ।"

नगरप्रमुख चौधरीका अनुसार यही जेठ महिनाभित्र लहान नगरपालिका– ७ लाई औपचारिक रूपमा 'खुला दिशामुक्त वडा' घोषणा गर्ने तयारी पूरा भएको छ। वडा नं ७ लाई घोषणालगत्तै नगरका अन्य वडाहरूलाई पनि क्रमिक रूपमा खुला दिशामुक्त र पूर्ण सरसफाइयुक्त वडा बनाउँदै लगिने उहाँले बताउनुभयो।

# मधेसमा एचआइभीको बढ्दो बोझ, बालबालिका र गर्भवतीमा पनि सङ्क्रमण

**सुरेश झा**

जनकपुरधाम, ३ जेठ (रासस)।

मधेस प्रदेशका आठ जिल्लामध्ये पर्सा जिल्लामा एचआइभी/एड्स सङ्क्रमित बिरामीको सङ्ख्या सबैभन्दा बढी रहेको पाइएको छ। मधेस प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार पर्सामा मात्र एक हजार ५०४ जना एचआइभी/एड्सका बिरामी छन्।

निर्देशनालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा मधेस प्रदेशमा कूल चार हजार ६८० जना एचआइभी सङ्क्रमित बिरामी एन्टिरेट्रोभाइरल थेरापी (एआरटी) उपचारमा छन्। प्रदेशअन्तर्गत धनुषामा ८८६, सर्लाहीमा ५५८, सिरहामा ४५७, रौतहटमा ४२२, महोत्तरीमा ३७१, बारामा २८८ तथा सप्तरीमा १९४ जना सङ्क्रमित रहेका छन्।

निर्देशनालयका एचआइभी/एड्स फोकल पर्सन राजवीर यादवका अनुसार आर्थिक वर्ष २०७६/७७ मा मधेस प्रदेशमा १४ हजार जनाको एचआइभी परीक्षण गरिएको थियो। उक्त सङ्ख्या बढेर आर्थिक वर्ष २०८१/८२ सम्ममा ७६ हजार ७९२ पुगेको छ।

आर्थिक वर्ष २०७५/७६ मा ४००, २०७७/७८ मा ४७५, २०७८/७९ मा ६७५, २०७९/८० मा ६०६, २०८०/८१ मा ५१० तथा २०८१/८२ मा ४७९ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको उहाँले जानकारी दिनुभयो।

चालु आर्थिक वर्षमा १६ जना गर्भवती महिलामा एचआइभी सङ्क्रमण पुष्टि भएको छ। समयमै परीक्षण तथा उपचार नभए आमाबाट शिशुमा समेत सङ्क्रमण सर्न सक्ने जोखिम रहेको स्वास्थ्यकर्मीले बताएका छन्।

मधेस प्रदेशमा १८ वर्षमुनिका १७५ बालबालिकामा एचआइभी सङ्क्रमण रहेको छ। तीमध्ये ४७ जना एकल अभिभावकविहीन तथा २० जना पूर्ण अनाथ रहेका छन्। सङ्क्रमित बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा पोषणका लागि मासिक रु एक हजार नगद सहायता उपलब्ध गराइँदै आएको छ।

मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले खुला सीमा, वैदेशिक रोजगारी, लागुऔषधको प्रयोग, असुरक्षित यौन सम्पर्कका कारण सङ्क्रमण नियन्त्रण चुनौतीपूर्ण बनेको बताउनुभयो।

प्रदेशमा हाल १० वटा सरकारी तथा एउटा गैरसरकारी एआरटी केन्द्र सञ्चालनमा छन्। एचआइभी परीक्षण तथा परामर्श सेवा, भाइरल लोड परीक्षण तथा प्रारम्भिक शिशु परीक्षण सेवा आठै जिल्लामा उपलब्ध छ।

सरकारी तथा गैरसरकारी क्षेत्रबाट नियन्त्रणका प्रयास भइरहे पनि समस्या समाधानमा अपेक्षित सुधार नभएको सर्लाहीका जनस्वास्थ्य अधिकृत नवलकिशोर झाले बताउनुभयो।

### छात्राहरुलाई साइकल ...

कृतनारायण शर्माले जानकारी दिए।

गरिव, दलित र विपन्न परिवारका छात्राहरुलाई बर्ष दिन नै पुग्ने गरी कपी, डटपेन, पेन्सिल, क्यालकुलेटर, जोमेट्री बक्स, स्कूल व्याग र छाता सहितको सामग्री उपलब्ध गराईएको उनको भनाई छ।

महादेवा गाउँपालिकाको सबै वडाबाट गरिव, दलित र विपन्न परिवारका बालिकालाई छनौट छोरीलाई शिक्षामा अगाडी बढाउन प्रत्येक बर्ष यसरी नै साइकल तथा शैक्षिक सामाग्री वितरण गर्दै आएको संस्थाका परियोजना प्रमुख रामनारायण शर्माले जानकारी दिए।

संस्थाका अध्यक्ष शिवानी कुमारी शर्माको अध्यक्षतामा आयोजित शैक्षिक सामाग्री वितरण कार्यक्रममा अध्यक्ष शर्मा, संस्थापक वैद्यनाथ यादव सहितका अतिथिहरुले छात्राहरुलाई साइकल सहित शैक्षिक सामाग्री हस्तान्तरण गरेका थिए।

बि.स. २०६७ साल देखि निरन्तर यसरी नै बालिकाहरुलाई उच्च शिक्षा हासिल गर्नमा सहयो गर्दै आएको हाम्रो समाज नेपालले सामाजिक क्षेत्रमा विभिन्न काम गर्दै विपद्का बेला पनि अग्निपीडित र बाढी पीडितलाई सहयोग गर्दै आएको संस्थापक बैद्यनाथ यादवले बताए।

### नेपाल-भारत ...

साडी, झुल र खाद्यान्न लगायतका राहत सामाग्री उपलब्ध गराईएको छ।

उक्त अवसरमा नेपाल-भारत मैत्री संघ सप्तरीका उपाध्यक्ष ओमप्रकाश शाहका साथै उदयपुर शाखाका अध्यक्ष करुणा झा, छिन्नमस्ता अस्पतालका कर्मचारी दिपेन्द्र प्रसाद यादव लगायतको पनि उपस्थिति रहेको थियो।

गत बैशाख २६ गते राति भएको आगलागीमा उक्त वडाका १२ परिवारका २० घर जलेर नष्ट हुँदा लाखौंको क्षति भएको थियो।

### चालिस लाख ...

लुकाईछिपाई राखिएको कस्मेटिक सामग्री, मन्जन (टुथपेस्ट) तथा ओखर फेला परेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद गरिएको सामान र गाडीको अनुमानित बजार मूल्य करिब ४० लाख रहेको बताइएको छ।

घटनामा संलग्न रहेको आरोपमा नवराजपुर गाउँपालिका वडा नं. ५ निवासी ५० वर्षीय राजेशकुमार यादव र ३९ वर्षीय आनन्द यादवलाई पक्राउ गरिएको छ।

पक्राउ परेका दुवै व्यक्ति, बरामद सामान तथा गाडीलाई आवश्यक कारबाहीका लागि भन्सार कार्यालय बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरी उपरीक्षक थापाले जानकारी दिए। सीमा क्षेत्रमा हुने यस्ता अवैध गतिविधि र तस्करी नियन्त्रणका लागि सशस्त्र प्रहरीले निगरानी र गस्तीलाई थप तीव्र बनाएको उनाको भनाइ छ।

### पाँच दशक पार ...

आयोजना गरिने आयोजकले जनाएको छ।

स्वर्ण महोत्सव आयोजक समितिका अध्यक्ष दिलिप कुमार चौधरीले करिब १४ देखि १५ लाख रुपैयाँ सम्म खर्च हुने महोत्सवका लागि अग्नीसाइर कृष्णासवरण गाउँपालिका कार्यालयका साथै स्थानीय समाजसेवी तथा विद्यालयका पूर्व विद्यार्थीहरुले चन्दा सहयोग गरेको बताए।

उनका अनुसार स्वर्ण महोत्सव स्तम्भ निर्माणका साथै अन्य आवश्यक सबै तयारी पुरा भएको छ। महोत्सवलाई सभ्य र भव्य बनाउन उनकै अध्यक्षतामा १५ सदस्यीय मूल समारोह समिति बनाइएको छ।

समितिमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नयन कुमारी सिंह, प्रधानाध्यापक श्याम कुमार चौधरी, पूर्व प्रअ धर्म नारायण ठाकुर, रामदेव चौधरी, बासुदेव चौधरी, महेश प्रसाद विश्वकर्मा, अम्बिका कोईराला, दुर्गा प्रसाद चौधरी, रामेश्वर साह, चतुरनारायण चौधरी, रंजना कुमारी चौधरी र वडा अध्यक्ष सबजुल खलिफा लगायतका छन्।

# वीरगञ्ज भन्सारबाट एक खर्ब ९९ अर्ब ४० करोड राजस्व सङ्कलन

पर्सा, ३ जेठ (रासस)।

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षका १० महिनामा रु एक खर्ब ९९ अर्ब ४० करोड राजस्व सङ्कलन गरेको छ।

भन्सार विभागले यस अवधिमा कार्यालयलाई रु दुई खर्ब २३ अर्ब १८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरे पनि लक्ष्यको ८९ दशमलव ३५ प्रतिशत राजस्व सङ्कलन गरिएको हो।

भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा राजस्व सङ्कलन सन्तोषजनक रहेको बताउनुभयो। उहाँका अनुसार यहाँ राजस्वको मुख्य स्रोतका रूपमा पेट्रोलियम पदार्थको आयात, सवारीसाधन तथा तिनका पार्टपुर्जा आयात रहेका छन्।

भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। चालु आवको दुई महिना अझै बाँकी रहेकाले थप राजस्व सङ्कलन हुने कार्यालयको अपेक्षा छ।

कार्यालयले चालु आवको साउनमा रु १८ अर्ब ४४ करोड, भदौमा रु २० अर्ब ७३ करोड, असोजमा रु १९ अर्ब नौ करोड, कात्तिकमा रु १७ अर्ब ३३ करोड, मङ्सिरमा रु २० अर्ब ८० करोड राजस्व सङ्कलन गरेको थियो। यसैगरी, पुसमा रु २० अर्ब २० करोड, माघमा रु १८ अर्ब ९२ करोड, फागुनमा रु १९ अर्ब ३४ करोड र चैतमा रु २२ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ। यस्तै, वैशाखमा रु २१ अर्ब ७४ करोड राजस्व सङ्कलन गरिएको सूचना अधिकारी विष्टले बताउनुभयो।

# सप्तरीका नायक अशोकद्वारा अभिनित नेपाली चलचित्र कुम्भ जेठ १५ देखी सिनेमाघरमा

**दैनिक समाचारदाता**
**राजविराज, ३ जेठ।**

अगामी जेठ १५ गतेबाट मुख्य नायकको भुमिका गर्ने सप्तरीका पहिलो व्यक्ति मानिएका अशोक आर्यन यादवद्वारा अभिनित कुम्भ चलचित्र नेपालका सिनेमा घरमा एकसाथ प्रदर्शन हुने भएको छ।

आईतवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी एरस प्रोडक्सन तथा रा डिजिटल नेपालले यस्तो जानकारी दिएको हो।

चलचित्रका नायक सप्तरीको राजविराज नगरपालिका २ निवासी यादवले उक्त चलचित्रको अधिकांश छायाकंन नेपालको काठमाडौं, रौतहट, सर्लाही तथा भारतको कर्नाटक शहरमा जानकारी दिए।




मुख्य अभिनेता अशोक आर्यन यादव रहेको उक्त चलचित्रमा नायिकाको रुपमा शृष्टि खडका छिन्। एक्सनमा आधारित उक्त चलचित्रमा सुनिल थापा, सुशिल पोखेल, रोहित रुम्वा तथा अन्य नेपाली कलाकारका साथै भारतीय कलाकार सुरेन्द्र ठाकुर पनि अभिनयमा देखिने छन्।

नायक यादवले आफ्नै माटोको प्रतिभालाई प्रोत्साहन गर्न, सप्तरी र मिथिलाको नाम राष्ट्रिय स्तरमा चिनाउने, नयाँ नयाँ प्रतिभालाई प्रोत्साहन गर्ने तथा ऐतिहासिक क्षणको हिस्सा बन्न पनि एकपल्ट कुम्भ चलचित्र हेर्न सबैसँग आग्रह गरेका छन्।

३० वर्षिय अभिनेता यादव भारतको मुम्वई स्थित अन्नपूर्णा खेयर्स एक्टर प्रिपेयर्स नामक कला संस्थाबाट प्रशिक्षण लिएर चलचित्र क्षेत्रमा प्रवेश गरेका हुन्।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*